सियारी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या :३ मिति : २०७४/१०/२८

## भाग–१
## सियारी गाउँ कार्यपालिका

## सियारी गाउँपालिका शिक्षा ऐन, २०७४

**प्रस्तावना :**

सियारी गाँउपालिका र नेपालको विकासको लागि आवश्यक जनशक्ति तयार गर्न, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न, गाँउपालिका भित्र स्थापनाभएका र हुने विद्यालयको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न आवश्यक भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सियारी गाउँ सभावाट मिति २०७४ साल माघ २८गते पारित भै यो सियारी गाँउपालिका शिक्षा ऐन २०७४ जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम सियारी गाँउपालिका शिक्षा ऐन, २०७४ रहेकोछ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पछि सियारी गाउँपालिका क्षेत्रभर तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) “ऐन” भन्नाले सियारीगाँउपालिकाको शिक्षा ऐन २०७४ लाई सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) “तोकिएको वा तोकिए वमोजिम” भन्नाले यस ऐन अन्तरगत वनेका नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ ।

(घ) “संचित कोष” भन्नाले दफा (२४) बमोजिम विद्यालय कर्मचारी, वालविकास शिक्षक र राहत शिक्षकहरुका खडा गरिएको संञ्चित कोषलाइ सम्झनुपर्छ ।

(ङ) “धार्मिक विद्यालय” भन्नाले परम्परागत रुपमा चलिआएका गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(च) “निरीक्षक” भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको शिक्षा अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "परिवार" भन्नाले शिक्षक वा विद्यालय कर्मचारीसँग एकासगोलमा बस्ने तथा निज आफैंले पालनपोषण गर्नं पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(ज) "परीक्षा समिति" भन्नाले दफा ४ बमोजिम गठन हुने परीक्षा संचालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(झ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(ञ) "शिक्षक" भन्नाले सामुदायिक,संस्थागत तथा धार्मिक विद्यालयमा अध्यापक गर्ने स्थायी,करार,अस्थायी ,राहत, निजि,वालविकास शिक्षकलाई सम्झनु पर्दछ र सो शव्दले सामुदायिक ,संस्थागत तथा धार्मिक विद्यालयमा कार्यरत सहायक प्रधानाध्यापक र प्रधानाध्यापकलाई समेत सम्झनु पर्छ ।

(ट) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ठ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(ड) "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले तीन वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनु पर्छ ।

(ढ) "व्यवस्थापन समिति" भन्नाले सामुदायिक र संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ण) "मन्त्रालय" भन्नाले संघिय सरकार, शिक्षा सम्वन्धी तहगत मन्त्रालय सम्झनु पर्छ ।

(त) "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको नेपाल शिक्षा सेवाको शिक्षा शाखाको काम गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनु पर्छ ।

(थ) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा ईकाईलाई सम्झनु पर्छ ।

(द) "विद्यालय कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत सहायक कमचारी र सहयोगी कर्मचारी सम्झनु पर्दछ । साथै संस्थागत विद्यालयमा कार्यरत कर्मचारीलाई समेत सम्झनु पर्दछ ।

(ध) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको नियुक्ती सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(न) "शिक्षा समिति" भन्नाले दफा (९) वमोजिम गठन भएको सियारी गाँउ शिक्षा समितिलाई सम्झनु पर्छ ।

(प) "शुल्क" भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

(फ) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देस्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ब) “शैक्षिक सत्र” भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

(भ) “पूर्व प्राथमिक शिक्षा वा प्रारम्भिक वाल शिक्षा” भन्नाले तीन वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको मोन्टेश्वरी, नर्सरी, केजी ,वालविकास सहितको पूर्व प्राथमिक शिक्षा वा प्रारम्भिक वाल शिक्षा  सम्झनु पर्छ ।

(म) “प्राथमिक शिक्षा तथा प्राथमिक विद्यालय” भन्नाले कक्षा पूर्वप्राथमिक  वा प्रारम्भिक वाल शिक्षा देखि कक्षा पाँचसम्म दिइने शिक्षालाई प्राथमिक  शिक्षा सम्झनु पर्छ तथा सो वमोजिम शिक्षा दिने विद्यालयलाईप्राथमिक विद्यालय सम्झनु पर्दछ ।

(य) “आधारभुत  शिक्षा तथा आधारभुत विद्यालय” भन्नाले  पूर्व प्राथमिक वा प्रारम्भिक वाल कक्षा देखि कक्षा आठसम्म दिइने शिक्षालाई आधारभुत  शिक्षा सम्झनु पर्छ  तथा सो वमोजिम शिक्षा दिने विद्यालयलाई आधारभुत विद्यालय सम्झनु पर्दछ ।

(र) “माध्यमिक शिक्षा तथा माध्यमिक विद्यालय” भन्नाले दफा (२) को (म) र (य) सहितको कक्षा नौ देखि कक्षा वाह्रसम्म दिइने शिक्षालाई माध्यमिक शिक्षा सम्झनु पर्छ तथा सो वमोजिम शिक्षा दिने विद्यालयलाइ माध्यमिक विद्यालय सम्झनु पर्दछ ।

(ल) “संस्थागत विद्यालय” भन्नाले निजी लगानीमा संचालन गर्ने गरी अनुमति पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

(व) “विशेष शिक्षा” भन्नाले दृष्टिविहिन, श्रवणशक्ति नभएका, विकलांक वा अपाङ्ग वा सुस्तमनस्थिति भएका बालक बालिकालाई दिइने शिक्षा सम्झिनु पर्छ ।

(स) “सामुदायिक सिकाइ केन्द्र” भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने  साक्षरता, सीप सिकाइ तथा विकास, र आजीवन सिकाई र  अध्ययन अनुसन्धान  लगायतका काम गर्ने केन्द्रलाई  सम्झनु पर्छ ।

(ष) “संघीय शिक्षा ऐन” भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई ऐनलाई सम्झनु पर्छ ।

(श) “आवासीय विद्यालय” भन्नाले आवासीय विद्यालयको रुपमा अनुमति प्राप्त विद्यालय सम्झनु पर्दछ ।

(ह) “अनुमति” भन्नाले  स्थायी स्वीकृती र सहायता प्रदान नगरिएको कुनै तोकिएको ठाँउमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतीलाइ  सम्झनु पर्दछ ।

(क्ष)  “गाउँसभा” भन्नाले सियारी गाँउसभालाई सम्झनु पर्छ ।

**३. विद्यालय खोल्न अनुमति लिनु पर्ने :**

(१) कसैले  नयाँ विद्यालय खोल्न वा माथिल्लो कक्षा थप गर्न चाहेमा वडा शिक्षा समितिको सिफारिसमा शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै तोकिए बमोजिमको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ। यसरी  निवेदन परेमा शिक्षा अधिकृतले

निवेदन साथ प्राप्त कागजातहरु र स्थलगत जाँचबुझ गर्नेछ । त्यसरी जाँचबुझ गर्दा प्रस्तावित विद्यालयको तोकिए बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा शैक्षिक सत्र सुरु हुनु भन्दा अगावै आफ्नो राय सहितको प्रतिवेदन गाँउ शिक्षा समितिको वैठकमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम शिक्षा समितिको वैठकबाट अनुमतिको लागि सिफारिस भइ कार्यपालिकाले स्वीकृत गरेमा गाउँपालिका अध्यक्षले विद्यालय खोल्न शैक्षिकसत्र शुरुहुनु भन्दा अगावै अनुमति दिन सक्नेछ ।

(३) यो उपदफा प्रारम्भ हुदाँको वखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तरगत सञ्चालन गर्न गाउँपालिका समक्ष निवेदन दिन सक्नेछन् । यसरी निवेदन परेमा उपदफा(२) वमोजिमको प्रक्रिया पुरागरीगाउँपालिका अध्यक्षले अनुमति दिन सक्नेछ ।

(४) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा सञ्चालनका लागि कुनै सामुदायिक तथा संस्थागत विद्यालयले अनुमति माग गरेमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले तोकेको वा संघिय मन्त्रालय वा प्रदेश मन्त्रालयले निर्धारण गरेको मापदण्ड पुरा गरेमा उपदफा(२) वमोजिमको प्रक्रियावाट गाउँपालिका अध्यक्षले अनुमति दिन सक्नेछ ।

(५) उपदफा (२) वमोजिम शिक्षा समितिले विद्यालय खोल्ने अनुमतिको सिफारिश गर्दा एक अर्को विद्यालयकोदुरी, नक्साङकन,उमेरगत वालवालिकाको जनसंख्या र गाउँ शिक्षा समितिले निर्धारण गरेको गाउँपालिकार वडाको लागि विद्यालयको अधिकतम संख्याको अधीनमा रही दिनु पर्नेछ । अव गाँउपालिका क्षेत्रभित्र नयाँ स्थापना हुने विद्यालय सामुदायिक विद्यालय वा शैक्षिक गुठी वा धार्मिक विद्यालयको रुपमा मात्र स्थापना हुनेछन् । अव यस गाउँपालिकामा नयाँ कम्पनी विद्यालयको स्थापना गरिनेछैन ।

(६) देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति दिन सकिनेछ तर कम्पनीको रुपमा अनुमति वा स्वीकृति दिइने छैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) संस्थागत तथा सामुदायिक विद्यालयले कक्षा थप अनुमति लिंदा विद्यालय संचालनको सुरक्षण वापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नु पर्नेछः-

| विद्यालयको तह | संस्थागत विद्यालय भए धरौटी रकम | शैक्षिक गुठी भए धरौटी रकम | सामुदायिक विद्यालय भए धरौटी रकम |
|---|---|---|---|
| (क) माध्यमिक तह कक्षा ११ | आठ लाख रुपैयाँ | | |
| (ख) माध्यमिक तह कक्षा ९ | पाँच लाख रुपैयाँ | | |
| (ग) आधारभुत तह कक्षा ६ | तीन लाख रुपैयाँ | | |
| (घ) प्राथमिक तह | एक लाख पचास हजार रुपैया | | |

(८) धरौटी वापतको रकम धरौटी खातामा गाउँपालिकाका लेखाको कर्मचारी र विद्यालयका प्र.अ.को संयुक्त खातावाट सञ्चालन गरिनेछ ।

**४. परीक्षाको सञ्चालन र व्यवस्थापन सम्वन्धी व्यवस्था :**

(१) विद्यालयस्तरका परीक्षालाई व्यवस्थित र मर्यादित रूपमा सञ्चालन गर्नका लागि देहायका सदस्यहरू रहेको परीक्षा समन्वय समिति रहने छ ।

(क) गाँउ शिक्षा संयोजक –अध्यक्ष

(ख) स्थानीय नेपाल शिक्षक महासंघ र संस्थागत विद्यालयको प्रतिनिधि एक एक जना गरी २ जना –सदस्य

(ग) गाँउपालिकाले मनोनयन गरेका सामुदायिक आधारभुत र माध्यमिक तहका प्र.अ. कम्तीमा ५ वर्ष सेवा गरेका मध्ये एक महिला सहित २ जना –सदस्य

(ङ) स्रोतव्यक्ति –सदस्य

(च) शिक्षा अधिकृत –सदस्य सचिव

(२) यो समितिले आफनो कार्यविधि आफै तोक्नेछ । साथै मनोनित पदाधिकारीको पदावधि ३ वर्षको हुनेछ। सदस्य सचिव रिक्त भएको अवस्थामा स्रोतव्यक्तिले सदस्य सचिव भै काम गर्नेछ ।

**५. विद्यालय शिक्षाको तह :**

(१) विद्यालय तहको शिक्षा दुई प्रकारको हुनेछ ।

**(क) आधारभुत शिक्षा :** पूर्व प्राथमिक वा प्रारम्भिक वालविकास कक्षा देखि कक्षा ८ सम्मको शिक्षा। यो दुई तहको हुनेछ। पहिलो तह प्रारम्भिक वा पूर्वप्राथमिक कक्षा देखि कक्षा ५सम्मको शिक्षालाई प्राथमिक शिक्षा मानिनेछ भने दोस्रो तह कक्षा वालविकाश देखि ८ सम्मको शिक्षालाई आधारभुत शिक्षा मानिनेछ ।

**(ख) माध्यमिक शिक्षा :** पूर्व प्राथमिक वा प्रारम्भिक वालविकास कक्षा देखि कक्षा १२ सम्मको शिक्षा । यो दुई तहको हुनेछ। पहिलो तहलाई माध्यमिक तह मानिने छ जसमा पूर्व प्राथमिक वा प्रारम्भिक वालविकास कक्षा देखि कक्षा १० सम्म मात्र पढाइ हुनेछ। दोस्रो तहलाइ उच्च माध्यमिक तह मानिनेछ जसमा पूर्व प्राथमिक वा प्रारम्भिक वालविकास कक्षा देखि १२ सम्मको पढाइ हुनेछ ।

**६. माध्यमिक शिक्षाको प्रकार :** माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्:-

(क) साधारण माध्यमिक शिक्षा, (ख) संस्कृत माध्यमिक शिक्षा र (ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**७. विशेष शिक्षा समावेशी शिक्षा अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्वन्धि व्यवस्था :** विशेष शिक्षा समावेशी शिक्षा अनौपचारिक शिक्षा ,निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालन तोकिए वमोजिम हुनेछ ।

**८. शिक्षाको माध्यम :** विद्यालयमा शिक्षाको माध्यम नेपाली र अंग्रेजी दुवै भाषा हुनेछ । तर प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा पनि दिन सकिनेछ ।

**९. गाँउपालिका शिक्षा समितिको गठन र काम, कर्तव्य र अधिकारः** (१) गाउँपालिकामा देहाय वमोजिमको एक गाँउपालिका शिक्षा समिति रहनेछ :

(क) गाँउपालिकाको अध्यक्ष वा निजले तोकेको व्यक्ति -संयोजक

(ख) गाउँकार्यपालिका सदस्यहरु मध्ये कार्यपालिकाले तोकेको कम्तिमा एक महिला सहित २ जना -सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(घ) स्थानीय नेपाल शिक्षक महासँघको प्रतिनिधि र संस्थागत विद्यालयहरुको प्रतिनिधि एक एकजना गरी २ जना –सदस्य

(ङ) संयोजकले मनोनियन गरेका सामुदायिक तर्फका आधारभुत र माध्यमिक तहका प्र.अ.हरुमध्ये कम्तीमा ५ वर्षसेवा गरेका मध्ये कम्तिमा एक महिला सहित २ जना –सदस्य

(च) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा शिक्षक अभिभावक सँघका अध्यक्षहरु मध्ये संयोजकले मनोनित गरेको एक जना -सदस्य

(छ) शिक्षा अधिकृत -सदस्य-सचिव

(२) शिक्षा समितिको वैठक कम्तीमा एक महिनाको एक पटक वस्नुपर्नेछ। तर सदस्य-सचिवको पद रिक्त भएको अवस्थामा स्रोतव्यक्तिले सदस्य-सचिव भै काम गर्नेछ ।

(३) शिक्षा समितिको वैठकभत्ता गाउँपालिकाको प्रचलित कानुन वमोजिम हुनेछ । मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ । मनोनित सदस्यहरुले आफनो पद अनुकुल आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाइ जुनसुकै वखत हटाउन सक्नेछ । तर हटाउनु भन्दा अगाडी सफाइ पेश गर्ने मौकावाट वञ्चित गरिने छैन् ।

(४) वैठक संचालनको लागि कम्तीमा ५१ प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने वैठकको निर्णय वहुमतको आधारमा हुनेछ ।

(५) गाँउपालिका शिक्षा समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ ।

(क) शिक्षा सम्बन्धी गाँउपालिकास्तरीय योजना तर्जुमा गर्ने,

(ख) सामुदायिक विद्यालयलाई आर्थिक सहयोग जुटाउन र संस्थात विद्यालयको पूर्वाधार विकास गराउनमा भूमिका
खेल्ने ,

(ग) गाँउपालिकाभित्र मर्यादित र स्वच्छ वातावरणमा परीक्षा सञ्चालन गर्न सहयोग गर्ने,

(घ) गाँउपालिका भित्र शैक्षिक गुणस्तर विकासको लागि कार्यक्रमहरु तय गर्ने,

(ङ) सामुदायिकर संस्थागत विद्यालयवाट सिफारिस भएका तीनजना सूचिकृत लेखापरीक्षकहरु मध्येवाट लेखापरीक्षणको लेखापरीक्षकको तोक्ने ।

(च) गाँउ शिक्षा समितिले आफनोतर्फवाट शिक्षक तथा कर्मचारीको दरवन्दी सृजना गर्न गाँउपालिकालाई सिफारिसगर्ने । यसरी सिफारिस गर्दा सेवा, शर्त र सुविधाहरु समेत निर्धारण गर्नुपर्नेछ ।

(छ) उमेरको हद कारण वा अन्य कुनै कारणले सेवावाट अवकास हुँदा कुनै सुविधा नपाउने नेपाल सरकारको अनुदानमा नियुक्त भएका विद्यालय कर्मचारी,राहत शिक्षक तथा वालविकास शिक्षकहरुका लागि अलग्गै सचित कोषको स्थापना गर्न संचितकोषको कार्यविधि तयार गरी गाँउ कार्यपालिकामा पेश गर्ने ।

(ज) विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी तथा वालवालिकाहरुको जीवन विमाको लागि व्यवस्था मिलाउन कार्यविधि तयार गरि कार्यपालिकामा पेश गर्ने । कार्यविधि स्वीकृत भए पछि शैक्षिक कोषमा विमा वापतको रकम व्यवस्था मिलाउने ।

(झ) सामुदायिक विद्यालयमा कार्यरत नेपाल सरकारको अनुदान पाउने शिक्षक, कर्मचारीहरुले खाइपाइ आएको मासिक पारिश्रमिकको १० प्रतिशत तलव कट्टा गरी गाँउपालिकाको तर्फवाट सोही वरावरको रकम १०० प्रतिशत रकम थप गरी संचयकोषको व्यवस्था मिलाउने । यसको कार्यविधि तयार गरि गाँउपालिकावाट स्वीकृत भएपछि लागु गर्ने ।

(ञ) गाँउसभावाट शिक्षाको लागि विनियोजन भै आएको रकमलाई विभिन्न शिर्षकमा विनियोजन गरी कार्यपालिकावाट स्वीकृत गराएर मात्र खर्च गर्ने ।

(ट) शिक्षक तथा कर्मचारि नियुक्ति प्रयोजनका लागि विषयविज्ञको सूची तयार गर्ने ।

(ठ) शिक्षाका लागि आवश्यक रकम गाउँपालिकामा प्रस्ताव पेश गर्ने र स्वीकृत भैसकेपछि शीर्षकगतरुपमा विनियोजन गरि पुनःस्वीकृत गराएर खर्च गर्ने ।

(ड) विद्यालय वाहिर रहेका वालवालिकाहरुको अभिलेख तयार गर्ने ।

(ढ) पाँच वर्ष उमेर पूरा भएका वालवालिकाहरु विद्यालयमा आए नआएको एकिन गर्ने ।

(ण) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

(त) गाँउसभा,गाँउकार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

(थ) गाउँ शिक्षा समितिले केही अधिकार सदस्य सचिवलाई तोक्न सक्नेछ ।

१०. गाँउपालिका शिक्षा समितिको विघटन गर्न सकिने :तोकिएको जिम्मेवारी पुरा गर्न नसके गाँउकार्यपालिकाले गाँउ शिक्षा समितिलाई विघटन गर्न सक्नेछ ।

११. वडा शिक्षा समितिको गठन र काम,कर्तव्य र अधिकारः (१) प्रत्येक वडास्तरमा देहाय वमोजिमको एक वडा शिक्षा समिति रहनेछ जसको गठन यस प्रकार रहेकोछ :

(क) वडाध्यक्ष वा निजले तोकेको व्यक्ति एकजना - संयोजक

(ख) वडा भित्रका शिक्षाप्रेमी, समाजसेवी, वुद्धिजिवि, शिक्षकहरु मध्येवाट संयोजकले

मनोनित गरेको एक महिला सहित २ जना -सदस्य

(ग) वडा सचिव –सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये गाँउ शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(छ) स्थानीय नेपाल शिक्षक महासँघको प्रतिनिधि एकजना –सदस्य

(छ) वडाभित्रका उच्चतहका विद्यालयको प्र.अ.एकजना -सदस्य-सचिव

(२) वडा शिक्षा समितिको वैठक आवश्यकताअनुसार वस्नुपर्नेछ। मनोनित समितिका पदाधिकारीहरुका पदावधि ३ वर्षको हुनेछ।

(३) वैठक संचालनको लागि कम्तीमा ५१ प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने वैठकको निर्णय वहुमतको आधारमा हुनेछ।

(४) वडा शिक्षा समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ।

(क) वडास्तरीय शिक्षा सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) वडा भित्रका विद्यालयलाई आर्थिक सहयोग जुटाउने,

(ग) वडा भित्र मर्यादित र स्वच्छ वातावरणमा परीक्षा सञ्चालन गर्न सहयोग गर्ने,

(घ) वडा भित्र शैक्षिक गुणस्तर विकासको लागि कार्यक्रमहरु तय गर्ने,

(ङ) गाँउसभा,गाँउकार्यपालिका, गाँउ शिक्षा समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(५) तोकिएको जिम्मेवारी पुरा गर्न नसके गाँउकार्यपालिकाले वडा शिक्षा समितिलाई विघटन गर्न सक्नेछ।

१२. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्ने :समुदाय स्तरमा सञ्चालन गरिने साक्षरता ,सीप विकास र आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्न तोकिए वमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सकिनेछ।

१३. गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार :(१) प्रचलित कानूनमा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न शिक्षा समिति, प्रमुख प्रशासकिय अधिकृत तथा शिक्षा अधिकृतलाई आवश्यक निर्देशन दिने,

(ख) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने,

(ग) शिक्षक सरुवा वा दरवन्दी मिलानको मापदण्ड वनाई गाउंपालिकाको तहमा एक रुपता रहने गरी शिक्षक विद्यार्थी अनुपात मिलाउने, गुणस्तर कायमगर्ने, आचार संहिता बनाई लागु गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने ,

(ङ) प्रदेश तथा संघको कानुन वमोजिम हुने शिक्षा सम्वन्धि विषयहरुको कार्यान्वयन गर्न शिक्षा समितिलाई निर्देशन दिने ,

(च) प्रत्येक ६ महिनामा गाँउपालिका भित्रका सबै किसिमका विद्यालयहरुको अनुगमन तथा मूल्याङ्कन गरी गराई अपेक्षित गुणस्तर कायम गर्ने,

(छ) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शी तथा सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागू गर्ने, गराउने,

(ज) शिक्षालाई व्यवहारिक, उद्यमशिल र रोजगारउन्मुख बनाउने नीति अवलम्बन गर्ने ,

(झ) शिक्षा सम्बन्धी कानून निर्माणको लागि गाँउ सभामा पेश गर्ने ।

(ञ) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न गाउँपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने /गराउने,

(ट) सामुदायिक र संस्थागत विद्यालयहरुको लेखा परीक्षणको व्यवस्था मिलाउने ,

(ठ) शिक्षक दरवन्दी मिलानको व्यवस्था मिलाउने र सामुदायिक विद्यालयका कार्यरत वालविकासका शिक्षक तथा विद्यालय कर्मचारिहरुको लागि थप सेवा, शर्त एवं पारिश्रमिक निर्धारण गर्ने ।

(ड) गाँउ शिक्षा समितिको सिफारिसमा गाँउपालिकाले आफनो तर्फवाट शिक्षक तथा कर्मचारीको दरवन्दी सृजना गर्ने तथा सेवा, शर्त र सुविधाहरु निर्धारण गर्ने ।

(ढ) उमेरको हद कारण वा अन्य कुनै कारणले सेवावाट अवकास हुँदा कुनै सुविधा नपाउने नेपाल सरकारको अनुदानमा नियुक्त भएका विद्यालय कर्मचारी, राहत शिक्षक तथा वालविकास शिक्षकहरुका लागि अलग्गै सचित कोषको स्थापना गरी रकम विनियोजन गर्ने ।

(ण) संस्थागत विद्यालयले पालना गर्नु पर्ने न्यूनतम मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, अपांग र असहाय तथा विपन्न र सिमान्तकृत वर्गका छात्र/छात्रालाईलागि दिईने छात्रबृत्तिका आधार र प्रतिशत, शिक्षक तथा कर्मचारिहरुको लागि सेवा, शर्त एवं पारिश्रमिक जस्ता विषयमा संस्थागत विद्यालयहरुको सहभागिता एवं राय परामर्शमा निर्णय गर्ने ।

१४. **शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार :** गाँउपालिका अन्तरगतको शिक्षा सम्वन्धी कार्यक्रमको व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न नेपाल शिक्षा सेवाको शिक्षा अधिकृत रहनेछन् । निजको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँ कार्यपालिकाबाट स्वीकृत शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) शिक्षा सम्बन्धी कुनै प्रस्ताव गाउँपालिकामा पेश गर्नु पर्ने भए शिक्षा समिति मार्फत पेश गर्ने,

(ग) शिक्षा सम्बन्धी गाँउपालिकास्तरीय योजना वनाई कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने,

(घ) स्थानीय तहको शिक्षाको अवस्था, प्रगति आदि समेटिएको शिक्षा सम्वन्धी स्थितिपत्र तयार गरी प्रत्येक आर्थिक वर्षको अन्त्यमा प्रकाशित गर्ने,

(ङ) स्वीकृत अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, विशेष आवश्यकता शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख तयार गर्ने,

(च) विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को समुदायिक विद्यालयमा मिलान गर्न शिक्षा समितिमा सिफारिश गर्ने,

(छ) स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

(ज) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक,प्रधानाध्यापक तथा व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी वा तालिमको संचालन गर्ने,

(झ) आधारभूत तहको अन्त्य र प्राथमिक तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न परीक्षा संचालन तथा समन्वय समितिको सदस्य सचिव भइ कार्य गर्ने,

(ञ) विद्यालयको कक्षा ५ तथा ८ को  परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिका झिकाई जाँच, विद्यालयमा शिक्षाको गुणस्तर बृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक काम गर्ने,

(ट) गाउँपालिका भित्र रहेका कम्पनी ऐन अन्तर्गत दर्ता भएका वा संस्थागत विद्यालयहरुको शैक्षिक कार्य योजनाको समन्वय र अनुगमन गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने

(ठ) यस ऐन  बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नँ पर्ने नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनु, सुधार गर्नँ वा विद्यालय बन्द गर्नँ पर्ने भएमा तत्  सम्बन्धी कारबाही प्रक्रिया अगाडि बढाउने ,

(ड) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको लागि रजिष्ट्रेशन फाराम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानून बमोजिम संशोधन गर्ने,

(ढ) नियुक्ति वा बढुवाको लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति गर्ने,

(ण) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,

(त) शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी त्यसको विवरण आयोगमा पठाउने,

(थ) विद्यालय र प्रारम्भिक बाल कक्षाको निरीक्षण गर्ने, गराउने,

(द) मन्त्रालयले तोकिदिए बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयहरूको समूह विभाजन गरी स्रोत केन्द्र निर्धारण गर्ने र स्रोत केन्दबाट विद्यालयको निरीक्षण, शिक्षकको तालिम तथा अन्य शैक्षिक क्रियाकलाप गर्ने,

(ध) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा, माध्यामिक शिक्षा परीक्षा र आधारभूत तहको अन्त्यमा  र प्राथमिक तहको अन्त्यमा हुने परीक्षालाई नियमित र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने, गराउने,

(न) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक सत्रको सुरुमा मिलान गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

(प) स्रोत व्यक्तिले विद्यालय निरीक्षणको सुचक वनाई निरीक्षण गरे नगरेको यकिन गर्न स्थलगत निरीक्षण गर्ने,

(फ) गाउँपालिकावाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने,

(ब) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,

(भ) विद्यालयमा लागू गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सम्बन्धमा सुधार गर्नपर्ने र निःशुल्क पाठ्यपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाव पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने,

(म) लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र वेरुजु फर्छ्यौट गर्न लगाउने,

(य) सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

(र) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

(ल) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमन गरी सो अनुसार गर्ने, गराउने,

(व) स्रोत व्यक्तिले दिएको निरीक्षण प्रतिवेदन उपर कारबाही गर्ने

(श) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने, गराउने,

(ष) सामुदायिक विद्यालयको स्वीकृत, रिक्त दरवन्दीमा पदपूर्तिको लागि आयोगमा लेखी पठाउने,

(स) विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षकलाई विद्यालय समय बाहेक वा विद्यालयको नियमित पठन पाठनमा असर नगर्ने गरी अतिरिक्त समयमा अन्यत्र कार्य गर्न पूर्व स्वीकृति प्रदान गर्ने,

(ह) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ,प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरुलाई पुरस्कार तथा प्रोत्साहनका लागि गाँउ शिक्षा समिति समक्ष सिफारिश गर्ने ,

(क्ष) सवै विद्यालयहरु सामुदायिक,संस्थागत तथा निजी, धार्मिक तथा गुठी बिद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार तथा प्रोत्साहनको लागि गाँउशिक्षा समिति समक्ष सिफारिश गर्ने ,

(त्र) गाउँकार्यपालिका, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षासम्वन्धित आयोगहरुबाट निर्देशित वा प्रत्यायोजित कार्य गर्ने ।

**१५. गाँउ शिक्षा संयोजकको सेवा शर्त र सुविधाहरु तथा काम, कर्तव्य र अधिकार :**

(१) गाँउ शिक्षा संयोजकको सेवा शर्त र सुविधाहरु गाँउपालिकाले तोके बमोजिम हुनेछ ।

(२) गाँउ शिक्षा संयोजकको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) निजि र सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्ने ,

(ख) भौतिक पूर्वाधार विकासमा एवम शिक्षाका योजनाहरुको अनुगमन तथा निरीक्षण गर्ने,

(ग) शिक्षा ऐन, नियमावली,निर्देशिका आदि निर्माण,परिमार्जन,संशोधन आदि विषयमा समन्वय र सहजिकारण गर्ने

(घ) विद्यालय तहका,स्रोतकेन्द्र तहका र गाँउपालिकास्तरका प्र.अ.तथा शिक्षकहरुको वैठकलाइ व्यवथित गर्ने ।

(ङ) थप काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

(३) गाँउ शिक्षा समितिको सचिवालय शिक्षा शाखामा रहनेछ ।

**१६. सामुदायिक विद्यालय व्यवस्थापन समिति रहने :**

(१) सामुदायिक विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकहरुले आफुहरु मध्येवाट छानि पठाएका कम्तिमा दुइमहिला सहित तीनजना –सदस्य

(ख) विद्यालय रहेको गाँउपालिकाको वडाध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येवाट सो समितिले मनोनित गरेको एक जना -सदस्य

(ग) विद्यालयका संस्थापक, वुद्धिजिवीहरु, शिक्षा प्रेमी, विद्यालयलाइ निरन्तर सहयोग गर्ने व्यक्तिहरुमध्येवाट गाउँपालिका प्रमुखले मनोनित गरेको १ जना व्यक्ति -सदस्य

(घ) विद्यालयका समाजसेवी तथा जग्गादाता विद्यालयलाई निरन्तर सहयोग गर्ने व्यक्तिहरुमध्येवाट गाँउ शिक्षा संयोजकले मनोनित गरेको १ जना व्यक्ति - सदस्य

(ङ) विद्यालयका समाजसेवी तथा चन्दादाता विद्यालयलाई निरन्तर सहयोग गर्ने व्यक्तिहरु मध्येवाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको १ जना व्यक्ति - सदस्य

(च) विद्यालयका शिक्षकहरु मध्येवाट छानी पठाएका एक जना शिक्षक - सदस्य

(छ) प्रधानाध्यापक - सदस्य सचिव

(२) बालक्लवले मनोनयन गरेको माथिल्लो कक्षाको एक बालक र एकजना बालिका गरी २ जनालाई आमन्त्रित सदस्यको रुपमा राख्नु पर्नेछ । विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१)को खण्ड (क), (ख), (ग), (घ) र (ङ) वमोजिमका सदस्यहरु मध्येवाट छानेको सदस्य सो समितिको अध्यक्ष भै काम गर्नेछ । तर अध्यक्ष चयन नभएसम्मका लागि वा अध्यक्ष अनुपस्थित भएमा सदस्यहरु मध्येवाट उमेरले जेष्ठ सदस्यको संयोजकत्वमा वैठक वस्न सक्नेछन । विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ३ वर्षको हुनेछ ।

(३) व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ । तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन

समितिको वरिष्ठ सदस्यले स्वीकृत गर्नेछ। साथै विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबका प्रतिनिधिहरुले राखेको दृष्टिकोण निर्णय पुस्तिकामा उल्लेख गर्नु पर्नेछ तर प्रचलित कानुन विपरितका कुनै निर्णय भएकोमा बालप्रतिनिधीहरुलाई जिम्मेवार बनाईनेछैन ।

(४) विद्यालयले शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यैको नाम, थर, ठेगाना उल्लेख गर्नँ पर्दछ साथै निजहरु समिति गठन प्रयोजनका लागि मात्र अभिभावक मानिने छ । त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ ।

(५) विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित वडासमितिबाट प्रमाणित गराएको हुनु पर्नेछ ।

**१७. व्यवस्थापन समितिको सदस्य छनौट सम्बन्धी व्यवस्था :**

(१) प्रधानाध्यापकले व्यवस्थापन समितिको छनौट गर्नको लागि तत्कालको व्यवस्थापन समितिको कार्य अवधि समाप्त हुनु भन्दा तीस दिन अगावै सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ । तर कुनै कारणले व्यवस्थापन समिति विघटन भएको वा व्यवस्थापन समितिको सदस्यको पद रिक्त भएको अवस्थामा त्यसरी विघटन वा रिक्त भएको मितिले पन्ध्र दिन भित्र व्यवस्थापन समिति वा रिक्त सदस्यको छनौटको लागि यसै बमोजिम सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ ।

(२) सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहजिकरण  गर्नको लागि सम्बन्धित निरीक्षक वा निज उपलब्ध नभएमा शिक्षा अधिकृतको संयोजकत्वमा प्रधानाध्यापक, स्रोतव्यक्ति र स्थानीय तहको प्रतिनिधि रहेको चार सदस्यीय छनौट समिति गठन गर्नेछ । (३) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरू छनौट सम्बन्धी कार्यविधि समिति आफैले वनाउन सक्नेछ ।

**१८. व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधिः**

(१) व्यवस्थापन समितिको बैठक एक महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) व्यवस्थापन समितिको बैठक समितिको अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

(३) व्यवस्थापन समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य-सचिवले साधारणतया बहत्तर घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) व्यवस्थापन समितिमा तत्काल कायम रहेका एकाउन्न प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा व्यवस्थापन समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) व्यवस्थापन समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा जेष्ठ

सदस्यले गर्नेछ ।

(६) व्यवस्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि व्यवस्थापन समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**१९. व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने :** देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको (वाल क्लबको प्रतिनिधी बाहेक) ,

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको ,

**२०. व्यवस्थापन समिति विघटन :** देहायका अवस्थामा शिक्षा समितिको सिफारिसमा गाँउ सभाले समिति विघटन गर्न सक्नेछ -

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति एवम् हित विपरीत काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा, वा

(ङ) दफा ४४ वमोजिमको सिकाइ उपलब्धि वृद्धि गर्न नसकेमा ।

**२१. सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :** (१) सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने साथै वद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ शिक्षा समितिलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) सघिय आयोगवाट स्थायी भएर वा सरुवा भै आएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(छ) गाँउपालिकावाट तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदनमा औल्याइएका वेरुजु तथा सुधार गर्नु पर्ने विषयमातत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाँउपालिकामा  पेश गर्ने,

(झ) गाँउसभा, गाँउपालिका, गाँउ शिक्षा समितिले दिएको आदेश तथा निर्देशनहरुको

पालना गर्ने,

**२२. संस्थागत विद्यालय व्यवस्थापन समिति गठनः**

(१) संस्थागत विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक संस्थागत विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येवाट विद्यालययको सिफारिसमा अध्यक्षले मनोनित गरे एकजना -अध्यक्ष

(ख) अभिभावकहरुमध्येवाट कम्तिमा एक जना महिला सहित विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको २ जना -सदस्य

(ग) विद्यालय रहेको सेवा क्षेत्रभित्रका समाजसेवी, सञ्चालक तथा वुद्धिजिवीहरुमध्ये व्यवस्थापन समितिले मनोनित गरेको एक जना - सदस्य

(घ) स्थानीय शिक्षाप्रेमी, समाजसेवीहरु मध्येवाट गाँउपालिकाले मनोनित गरेको एक जना - सदस्य

(ङ) विद्यालयका शिक्षकहरु मध्येवाट छानी पठाएका एक जना शिक्षक - सदस्य

(च) प्रधानाध्यापक -सदस्य सचिव

(२) समितिमा मनोनित पदाधिकारीहरुका पदावधि ३ वर्षको हुनेछ । विद्यालयको बालक्लवले मनोनयन गरेको माथिल्लो कक्षाको एक बालक र एकजना बालिका गरी २ जना आमन्त्रित गर्नु पर्नेछ ।

**२३. संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

(१) संस्थागत विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकार तथा स्थानीय सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक मात्र लागू गर्ने,

(च) शिक्षकहरुको नियुत्तिको लागि विज्ञापन गरी प्रतिस्पर्धाका आधारमा नियुक्ति गर्ने,

(छ) शिक्षकहरुको पारिश्रमिक तथा सेवा सुविधाहरु निर्धारण गरी गर्ने ।

(ज) शिक्षक, कर्मचारी र विद्यार्थीहरुको भेला गरी आचारसहिता निर्माण गरि लागु गर्ने ।

(झ) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(ञ) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको सेवा,शर्तहरु तयार गरी लागु गर्ने र एक प्रति गाँउपालिकामा पेश गर्ने ।

(ट) गाँउसभा, गाँउकार्यपालिका र गाँउशिक्षा समितिले दिएका निर्देशनहरुको पालना गर्ने ।

(२) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२४. पूर्व प्राथमिक शिक्षा तथा प्रारम्भिक वाल विकास व्यवस्थापन समिति गठन :**

(१) पूर्व प्राथमिक शिक्षा वा समुदायमा रहेका प्रारम्भिक वाल विकास व्यवस्थापन समितिको गठन देहाय वमोजिम हुनेछ ।

(क) विद्यालयका अभिभावकले स्वयम मध्येवाट चुनेको एकजना - अध्यक्ष

(ख) विद्यालयका अभिभावकले स्वयम मध्येवाट चुनेको १/१ जना महिला र दलितसहित २ जना -सदस्य

(ग) स्वास्थ्य स्वयम् सेविका - सदस्य

(घ) विद्यालयको शिक्षकप्रतिनिधि वा समुदायमा रहेको हकमा सम्वन्धित वडाको जेष्ठ विद्यालयको प्र.अ.–सदस्य

(च) जेष्ठवाल शिक्षा शिक्षक -सदस्य सचिव

(२) मनोनित पदाधिकारीहरुको पदावधि तीन वर्षको हुनेछ । समितिले आफनो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(३) वाल विकास शिक्षकको पद रिक्त भएमा यस समितिले अध्यक्ष वा निजले तोके सदस्यको संयोजकत्वमा, प्र.अ., विषय विज्ञ एक जना र शिक्षा अधिकृतको वा अधिकृत नभए स्रोतव्यक्ति भएको एक समिति छनौट समिति गठन गरी सोही समितिले परीक्षा सञ्चालन गर्न सक्नेछ । छनौट समितिले आफनो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(४) प्रारम्भिक वाल विकास व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारतोकिए वमोजिम हुनेछ ।

**२५. संचित कोष :**

(१) गाँउपालिकामा एउटा शिक्षा संचित कोष स्थापना हुनेछ जसमा नेपाल सरकारको अनुदानपाउने गरी नियुक्त भएका तर उमेरको हद वा अन्य कारणवाट सेवावाट अवकाश लिदा कुनै सुविधा नपाउने विद्यालय कर्मचारी ,वालविकासका शिक्षक र राहत शिक्षकहरुका लागि मात्र कोष खडा गरिनेछ ।

(२) यो कोष २०७५ साल श्रावण देखि गाँउ सभाले निर्धारण गरेको रकम कोषमा जम्मा हुनेछ । यस कोषको सञ्चालन र कार्यविधि तोकिए वमोजिम हुनेछ ।

(३) शिक्षक कर्मचारी तथा वालविकाश शिक्षकको थप सेवा सुविधा गाउपालिकाले तोके वमोजिम हुनेछ ।

**२६. विद्यालय कोष :** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहायका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान,

(ख) जिल्ला शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान,

(घ) शुल्कबाट आउने रकम,

(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य श्रोतबाट प्राप्त रकम ।

**२७. गाँउकार्यपालिकले निर्देशन दिन सक्ने:** गाँउपालिकाले विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि तथा शैक्षिक विषयमा सामुदायिक, संस्थागत र मदरसा धार्मिक विद्यालयहरुलाइ आवश्यक निर्देशन दिन सक्ने छ भने विद्यालयहरुले त्यसका पालना गर्नु कर्तव्य हुनेछ ।

**२८. विद्यालय सार्न ,गाभ्न, नामपरिवर्तन गर्न  वा वन्द गर्न सक्ने :** गाँउकार्यपालिकाले गाँउक्षेत्र भित्र कुनै विद्यालय सार्न,गाभ्न ,नामपरिवर्तन गर्न वा वन्द  गर्न सक्ने छ । यसको विधि र प्रक्रिया तोकिए वमोजिम हुनेछ ।

**२९. विद्यालयलाइ छुट र सुविधा :** सामुदायिक विद्यालय,मदरसा र शैक्षिक गुठीको रुपमा सञ्चालन भएको संस्थागत विद्यालयलाइ  विद्यालयको नाममा जुनसुकै लिखत पास गर्दा रजिष्ट्रेशन दस्तुर लाग्नेछैन । संस्थागत विद्यालयकोहकमा भने आधा दस्तुर तिर्नु पर्नेछ ।

**३०. अनुमति वा स्वीकृती रद्ध गर्ने:** सामुदायिक र संस्थागत विद्यालयको अनुमति वा स्वीकृती रद्ध तोकिए वमोजिम हुनेछ ।

**३१. विद्यालयको वर्गिकरण तथा नक्साकंन :** सामुदायिक र संस्थागत विद्यालयलाई तोकिए वमोजिम वर्गिकरण तथा नक्साकंन गरिनेछ ।

**३२. विद्यालयलाई सुरक्षित क्षेत्र र वालमैत्ती वनाउनु पर्ने :**

(१) विद्यालयलाई सरोकारवालाको निर्णयवाट शान्ति क्षेत्रको रुपमा विकासित गरी सुरक्षित क्षेत्र कायम गरिनेछ ।

(२) विद्यालयका  पठन पाठन  वालमैत्री वातावरणमा गरिनेछ । यसका तोकिए वमोजिमका सूचक पूरा गरेको विद्यालयलाई वालमैत्री विद्यालय घोषणा गरिनेछ । सवै विद्यालयका शौचालय,झयालढोका,खानेपानी आदि वालमैत्री वनाइनेछ ।

**३३. शुल्क सम्वन्धी व्यवस्था :**

(१) आधारभुत तहको शिक्षा अनिवार्य र निःशुल्क हुनेछ । माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनेछ । सियारी गाँउपालिकामो वालवालिकाहरुलाइ विद्यालय नपठाउने अभिभावकलाई गाँउपालिकाको सेवा सुविधावाट वञ्चित गरिनेछ ।

(२) आधारभुत तह र माध्यमिक तहमा  संस्थागत  विद्यालयले पनि तोकिएको संख्यामा वालवालिकाहरुलाइ छात्रवृत्तीमा शिक्षा प्रदान गर्नु पर्नेछ ।

(३) दरवन्दी र राहतमा शिक्षक विद्यार्थी अनुपात मिल्दो भएका र दरवन्दीपुरा भएका विद्यालयहरुले माध्यमिक तहसम्म कुनै शुल्क लिन पाइनेछैन् तर दरवन्दी न्यून भएका, निर्धारित तहमा दरवन्दी नै नभएर  निजि स्रोतका शिक्षकको व्यवस्था गरी विद्यालय सञ्चालन गरेका विद्यालयहरुले अभिभावकहरुसँग सहयोग लिन सक्नेछन् ।

यसरी सहयोग लिदा विद्यालय व्यवस्थापन समितिले कार्यविधि स्वीकृत गरी एक प्रति गाँउपालिकामा पेश गुर्नपर्नेछ ।

३४. **शिक्षक तथा कर्मचारीको पदिय आचरण र अन्य व्यवस्था :** शिक्षक तथा कर्मचारीको पदिय आचरण तोकिए वमोजिम हुनेछ ।

३५. **स्थायी आवासिय अनुमति लिन नहुने :** विद्यालयमा कार्यरत कुनै पनि शिक्षकले स्थायी आवाशिय अनुमति लिन पाइनेछैन । यसरी अनुमति लिएको शिक्षकले यो ऐन जारी भएको एक महिना भित्र सेवावाट अलग हुनुपर्नेछ वा आवासीय सुविभा छोड्नुपर्नेछ ।

३६. **सुविधा नपाइने:** कुनै स्थायी शिक्षक आफनो परिवारका सदस्यहरु विदेशमा रहेको र कम्तीमा एक वर्षका लागि अनुभव, अवलोकन वा स्वाश्थ्य परीक्षणमा जान चाहाने शिक्षकले कुनै सुविधा नपाउने गरि वढीमा एक वर्ष जान पाउनेछ तर सो अवधिको तलव भत्ता विद्यालयलाइ निजको सट्टामा पढाउने सट्टा शिक्षकलाइ नियमानुसार दिनु पर्नेछ ।

३७. **शैक्षिक योग्यता :** सामुदायिक र संस्थागत विद्यालयको शिक्षक तथा कर्मचारीहरुको लागि चाहिने शैक्षिक योग्यता संघिय शिक्षक सेवा आयोगले निर्धारण गरे वमोजिम हुनेछ ।

३८. **शिक्षक दरवन्दी मिलान :** गाँउपालिकाले आफनो क्षेत्रभित्रका शिक्षक दरवन्दी मिलान तोकिए वमोजिन गर्नेछ । दरवन्दी मिलानको सन्दर्भमा आफनो क्षेत्र भित्र शिक्षकलाई काजमा खटाउन सक्नेछ ।

३९. **अदालतको आदेश पालना :** अदालतको निर्णय तथा फैसलाको पालना गर्नु सवैको कतर्व्य हुनेछ ।

४०. **अनुमति लिनु पर्ने :** गाँउपालिका क्षेत्रमा शैक्षिक परामर्श सेवा, विदेशी भाषा तथा शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स ,ट्युसन सञ्चालन गर्दा गाँउपालिकावाट अनुमति लिनु पर्नेछ। त्यस्तै गरी आफनो विद्यालय वाहिर अतिरिक्त अध्यापन गराउने शिक्षकले गाँउ शिक्षा समितिको अनुमति लिनु पर्नेछ ।

४१. **नियुक्ति, सेवा शर्त सुविधाहरु :** संस्थागत विद्यालयहरुमा शिक्षकहरुको नियुक्ति, वढुवा, सेवा शर्त सुविधाहरु तोकिए वमोजिम हुनेछ ।

४२. **प्रगति विवरण वुझाउनु पर्ने :** सामुदायिक र संस्थागत विद्यालयहरुले विद्यालयको शैक्षिक प्रगति शैक्षिक सत्र समाप्त भएको एक महिना भित्र गाँउ शिक्षा शाखामा वुझाउनु पर्नेछ ।

४३. **दण्ड सजाय र पुरस्कार :**

(१) आचारसंहिता विपरित कार्य गर्ने शिक्षक तथा कर्मचारीलाइ तोकिए वमोजिन दण्ड सजाय गरिनेछ ।

(२) शिक्षक र कर्मचारीले कार्यविधि वमोजिमको मुल्याकंन अनुसार उत्कृष्ट कार्य गरेवापत नगद सहित सियारी शिक्षा पुरस्काले सम्मानित गरिनेछ ।

४४. **अनुदान कट्टा र प्रोत्साहन दिने :** संस्थागत र सामुदायिक विद्यालयहरुले कक्षा ३, कक्षा

५, कक्षा ८ र कक्षा १०को सिकाइ उपलब्धि पचास प्रतिशत भन्दा कम भएमा गाँउ शिक्षा समितिले पहिलो र दोस्रो वर्ष सचेत गराउने, तेस्रो वर्ष पाँच प्रतिशत र चौथो वर्ष पनि १० प्रतिशत अनुदान कट्टा गर्न सक्ने र पाँचै वर्षसम्म पनि सो उपलब्धि हासिल नगरेमा क्रमस १५प्रतिशत अनुदान रोक्का गरी एक कक्षा घटुवा गर्न सक्नेछ भने क्रमस : अनुमतिपनि खारेज गर्न सक्नेछ । कम्तिमा २५ विद्यार्थी परीक्षामा सहभागी गराइ असी प्रतिशत भन्दा वढी सिकाइ उपलब्धि हासिल गर्ने र नमूनाको रुपमा सञ्चालित विद्यालयलाई तोकिए वमोजिन प्रोत्साहन गरिनेछ ।

**४५. वालवालिकाहरुलाई निष्काशन गर्न, शारिरीक वा मानसिक दुव्यवहार गर्न नहुने :** विद्यालयमा अध्ययनरत वालवालिकालाई शारिरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइनेछैन् । तर आचार संहिता उल्लंघन गर्नेको हकमा भने लागु हुने छैन ।

**४६. शिक्षक तथा कर्मचारी छनौट समिति रहने :** (१) सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारीको दरवन्दी रिक्त भएमा अस्थायी वा करार शिक्षक तथा कर्मचारीको नियुक्तिको लागि परिक्षा सञ्चालनको लागि परीक्षा केन्द्र गाँउ शिक्षा समितिले तोक्न सक्नेछ । परीक्षा सञ्चालन गर्न परीक्षा समितिको गठन देहाय वमोजिम हुनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको वि.व्या.स.को सदस्य– संयोजक,

(ख) शिक्षा अधिकृत वा विद्यालय निरीक्षक वा शिक्षा अधिकृतले तोके स्रोतव्यक्ति – सदस्य,

(ग) गाँउशिक्षा समितिले तोकेको विषय विज्ञ २ जना – सदस्य,

(घ) प्र.अ. वा निजले तोकेको शिक्षक –सदस्य सचिव

(२) परीक्षा सञ्चालन गर्ने कार्यविधि समितिले आफै व्यवस्थित गर्नेछ ।

**४७ निवेदन दिन सक्ने :** विद्यालयमा कार्यरत शिक्षक,कर्मचारीहरुका गुनासा,समस्या,आदि सवालहरुमा गाँउ न्यायिक समिति समक्ष निवेदन गर्न सक्ने र सो समितिले गुनासा ,समस्याहरुको समाधानको लागि पहल गर्न सक्नेछ ।

**४८. नियम वनाउने अधिकार :**

(१) यस ऐनको उद्धेश्य कार्यान्वयन गर्नका लागि गाँउकार्यपालिकाले नियम वनाउन सक्नेछ ।

(२) उपदफा (१)ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरि सो नियमद्धारा खास गरी देहायका कुराहरुको व्यवस्था हुन सक्नेछ ।

- विद्यालयको झण्डा,चिन्ह र प्रार्थना
- विद्यार्थीलाइ लाग्ने शुल्क र सो असुल गर्ने तरीका
- विद्यालयलाई दिइने अनुदान
- विद्यालयको परीक्षा
- प्रारम्भिक वाल विकास तथा शिक्षा,आधारभुत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाइ,सामुदायिक सिकाइ र विशेष शिक्षा

नीति,योजना,मापदण्ड,योजना तर्जुमा,कार्यान्वयन,अनुगमन ,मूल्यांकन र नियमन

- सामुदायिक,संस्थागत,गुठी र सहकारी विद्यालयको स्थापना, अनुमति, सञ्चालन ,व्यवस्थापन तथा नियमन
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन ,अनुमति, अनुगमन,मूल्यांकन र नियमन
- मातृभाषमा शिक्षा दिने विद्यालयको अनुमति ,अनुगमन तथा नियमन
- गाभिएका वा वन्द भएका विद्यालयहरुको सम्पत्ती व्यवस्थापन
- विद्यालयको नामाकरण
- सामुदायिक विद्यालयलको जग्गाको स्वामित्व, सम्पत्तकिो अभिलेख, संरक्षण र व्यवस्थापन
- विद्यालयको गुणस्तर अभिवृद्धि र पाठ्यसामग्री एवम शैक्षिक सामग्रीहरुको वितरण
- सामुदायिक विद्यालयका शिक्षक र कर्मचारी दरवन्दी मिलान
- विद्यालयको नक्सांकन, अनुमति ,स्वीकृती,समायोजन र नियोजन
- कक्षा ५ र ८को गाँउपालिकास्तरीय परीक्षा सञ्चालन र व्यवस्थापन
- विद्यार्थीहरुको सिकाइ उपलव्धि परीक्षण र व्यवस्थापन
- प्रारम्भिक वालविकास सम्वन्धि मापदण्ड
- संस्थागत तथा सामुदायिक विद्यालयको मापदण्ड तथा पूर्वाधार
- सिकाइ केन्द्रको मापदण्ड तथा पूर्वाधार
- स्थानीय पुस्तकालय र वाचनालय सम्वन्धि
- शिक्षक तथा कर्मचारिहरुको तालिम र क्षमता विकास
- शैक्षिक महोत्सव तथा अतिरिक्त शैक्षिक क्रियाकलाप

**४९. निर्देशिका वनाउन सक्ने** : (१) यस ऐनको कार्यान्वयनको लागि गाँउकार्यपालिकाले अवश्यक निर्देशिका वनाइ लागु गर्न सक्नेछ ।

**५०. वाधा अड्काउ हटाउने अधिकार** : (१) यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा गाँउकार्यपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन स्थानीय राजपत्रमा सूचना प्रकाशन गरि आदेश दिन सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परेसरह मानिनेछ ।

**५१. बचाउ र लागू नहुने** : यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुने र बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

**प्रमाणिकरण मिति : २०७४/१०/२८**

**आज्ञाले**
**झविलाल भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**